नेपालसरकार
गृहमन्त्रालय
राष्ट्रियविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #६०

४ भदौ २०७७

| २०७७ बैशाख १ देखि भदौ ३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २१९ | ६० | १८४ | १४ | २९ | ५ | ५२ | ० | १६५ | **२८५** | **८९** | **३५४** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ ३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २१७ | ६० | १८३ | ११ | २८ | ३ | २२ | ० | ४६ | **२५०** | **८८** | **२३२** |
| **२०७७भदौ ३ देखि ४ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ३ | २ | **५** | ० | ० | **६** | ० | ० | **०** | **०** | ० | **११** |

# दैनिक विपद् बुलेटिन

३ भदौ विहान१०:००बजेदेखि ४ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **९** स्थानमा **पहिरो, ५** स्थानमा **अबिरल बर्षा, ३** स्थानमा **आगलागी, २** स्थानमा **बाढी, २** स्थानमा **चट्याङ्ग, १** स्थानमा **जंगली हात्ती र १** स्थानमा **जंगली बदेलको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर **११** जनाको **मृत्यु, १६** जना **बेपत्ता, २१** जना **घाईते** भएका छन् । करिव **३१ लाख ६२ हजार ७ सय ५० रुपैंया** बराबरको धनमान क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ११ | १६ | २३ | २१ | ३१,६२,७५० | ० | २२ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२३** वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक** थप अपडेट मिति २०७७।४।३० गते जुगल गाउँपालिका वडा नं २ लिदीमा गएको पहिरोमा परि बेपत्ता भएकाहरु मध्ये **४ जनाको शव फेला परेको । हालसम्म २८ जनाको मृत्यु, ११ जना बेपत्ता, ५ जना घाईते (बेपत्ता थपघट हुन सक्ने)**
- **अछाम**को रामारोशन गाउँपालिका वडा नं ५ सैनिबजारस्थित कैलाश खोलाको बाढीले छेउमा रहेका २२ वटा घर बगाउँदा **६ जनाको मृत्यु, ११ जना बेपत्ता, ३ जना घाईते** । सोही घटनामा भैसी १ वटा, बाख्रा अन्दाजी २० वटा, कुखुरा र हाँस अन्दाजी १०० वटा, १ वटा नेपाल टेलिकमको बलेरो जिप, १ वटा एम्बुलेन्स र कैलाश प्रथम लघुजलविद्युत भवन बगाई क्षति ।
- **सुर्खेत**को सिम्ता गाउँपालिका वडा नं १ गान्द्रास्थित एक घरमा माथिवाट **पहिरो** आई घर भत्किदा घर भित्र रहेका १० जनामध्ये २ वर्षकी **एक वालिका**को घरले च्यापिएर **मृत्यु, ९ जना सामान्य घाईते** । सिम्ता गाउँपालिका वडा नं १ स्थित एक घर **अबिरल वर्षा**का कारण भत्किई ३ वटा गोरूको मृत्यु ।

## घट्ना सारांश...

- **बर्दिया**को बढैयाताल गाउँपालिका वडा नं ५ बुद्ध टोलस्थित एक घरमा बिधुतको लाईन सर्ट हुन गई आगलागी हुँदा **१ लाख २४ हजार रुपैंया** बरावरको क्षति, आगो निभाउने क्रममा **एक ४० वर्षिया महिला**को हात र गालामा पोली **घाईते** । बढैयाताल गाउँपालिका वडा नं ९ स्थित एक घर **अबिरल बर्षा**को कारण आंशिक र अर्को एक घर पुर्णरुपमा भत्किई **६० हजार रुपैंया** बराबरको क्षति । राजापुर नगरपालिका वडा नं १० मझेरास्थित एक घरको भान्सामा **जङ्गली हात्ती** आई अन्नपात खाई **६८ हजार ७ सय ५० रुपैंया** बराबरको क्षति ।
- **प्युठान**को स्वर्गद्वारी नगरपालिका वडा नं ७ सोत्रेस्थित बारीमा मकै हेर्न गएको अवस्थामा एक जनालाई **बदेलले आक्रमण गरी घाईते** बनाएको । प्यूठान नगरपालिका वडा नं १० हाँडिगैडास्थित एक बेकरी उघोगको भवन **अबिरल बर्षा**को कारण भत्किएको र एक कुखुरा पालन गरेको गोठ **पहिरो**ले पुरीदा १ वटा भैंसी र ६० वटा कुखुरा पुरीएर मृत्यु हुँदा **८ लाख रुपैंया** बराबरको क्षति । माण्डवी गाउँपालिका वडा नं २ सालघारीस्थित एक गोठमा **चट्याङ** परी १ वटा गोरू, १ वटा कुखुराको मृत्यु भई **१५ हजार रुपैंया** बराबरको क्षति ।
- **दैलेख**को ठाँटिकाध गाउँपालिका वडा नं ४ गैरागाउँस्थित एक घर **पहिरो** आई भत्किदा १२ वर्षिय र १५ वर्षिय **२ बालक घाईते** । चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं २ राम्तीस्थित एक कच्ची घर **अबिरल बर्षा**को कारण भत्किन गई घरभित्र रहेका अन्नपात, लत्ताकपडा, भाडावर्तन क्षति । दुल्लु नगरपालिका वडा नं १२ स्थित एक कच्ची घर **अबिरल बर्षा**को कारण भत्किदा १ वटा भैसी, १ वटा सुगुर र १२ वटा कुखुराको मृत्यु भएको साथै घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाडावर्तन क्षति ।
- **सल्यान**को बनगार कुपिण्डे नगरपालिका वडा नं ५ नाथेखोलामा बन्दै गरेको पक्की पुलमा काम गर्ने मानिसहरु सोही पुलको मुनि सुतिरहेको अवस्थामा **बाढी** आई बगाउँदा **एक जना बेपत्ता, एक जना घाईते** । वडा नं १२ माझखर्कस्थित एक घरको भान्साबाट अचानक **आगलागी** हुँदा ३ वटा खसी, ३ वटा बोका, ४ वटा बाख्रा, १ वटा गाई र १ वटा गाईको बाच्छी समेत जली मृत्यु । सारदा नगरपालिका वडा नं २ पुरानो बसपार्कस्थित एक पक्की घरमा माथिवाट **पहिरो** आई घर पुरिएको । त्रिबेणि गाउँपालिका वडा नं ६ स्थित एक गोठ **अबिरल बर्षा**को कारण भत्किन जाँदा गोठमा बाधेका २ वटा बाख्राको मृत्यु ।
- **कालिकोट**को नरहरीनाथ गाउँपालिका वडा नं ५ चाउके लेकस्थित गोठमा बस्ने क्रममा पहिरो आउँदा **४ जना बेपत्ता** ।
- **बैतडी**को सुर्नया गाउँपालिका वडा नं ५ मडगाउंस्थित एक घर माथिबाट **पहिरो** आई घर भत्किदा **४ जना घाईते** । सुर्नया गाउँपालिका वडा नं ४ मेलडुग्रामा रहेको प्रसुती सेवा केन्द्रको भवन माथिबाट **पहिरो** आई पुर्ण रुपमा क्षति ।
- **बारा**को महागढीमाई नगरपालिका वडा नं ३ मदर्शा टोलस्थित एक घरमा खाना पकाउने ग्याँस लिक भई **आगलागी** हुँदा घर, अन्नपात, लताकपडा गरी **३ लाख रुपैंया** बराबरको क्षति ।
- **नुवाकोटको** किस्पाङ गाउँपालिका वडा नं २ उर्गींङ टोलस्थित एक कुखुराको फर्ममा **पहिरो** गई कुखुराको चल्ला २,००० वटा, दाना ३०० बोरा, टेलिफोन, कुखुराको औषधी गरि जम्मा **१८ लाख रुपैंया** बराबरको क्षति ।
- **गुल्मी**को सत्यवती गाउँपालिका वडा नं ३ ठुलो लुम्पेकस्थित एक गोठमा **चट्याङ** परी गोठ भित्र रहेको १ वटा भैसीको मृत्यु ।

- **डोटी**को जोरायल गाउँपालिका वडा नं ५ गडसेरास्थित एक घर पछाडिको दिवाल **पहिरो**का कारण भत्किई क्षति ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो, आगलागी, र जंगली बदेलको आक्रमणका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, बाढी र पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

भदौ ०३ गते बिहान ०८:४५ बजे देखि भदौ ०४ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/०४ गते बिहान ०८:४५ बजे १९६ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६१ र स्वचालितः १३५) मा मापन गरिएको वर्षाको विवरण अनुसार १५० वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (७२.८मि. मी.) नुवाकोट जिल्लाको पान्स्या खोला केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये ६ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, २५ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ४९ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

**भदौ-०४ (बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने । आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने र केही सहायक नदीमा सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमतीमा बहाव सामान्य घटबढ हुने, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने ।**
- **आज कान्द्रा, मोहना, खुट्टिया, मछेली, सुहेली, चौधर, रंघुन, चमेलिया लगायत दाङ, बाँके, बर्दिया, सुर्खेत, सल्यान, दैलेख, कालिकोट, डोटी, अछाम, बाजुरा, कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला भई बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता आसपास हुन सक्ने पुर्वानुमान छ ।**
- **आज ईलाम, झापा, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा,नुवाकोट, काभ्रेपलाञ्चोक, काठमाडौं उपत्यका, धादिङ, मकवानपुर, चितवन, गोरखा, लमजुङ, तनहूँ, कास्की, बागलुङ, पर्वत, स्याङ्जा, कपिलबस्तु, रुपन्देही, रोल्पा, रूकुम भई बहने केही स-साना नदीमा बहाव केही बढ्ने तर सतर्कता भन्दा तलै हुने ।**

**नोट:पहेलो रङलेमध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थपजानकारीकालागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)**